# अवधारणा

नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान नेपालमा विकसित र प्रचलित कलाको संरक्षण, संवर्धन, प्रवर्धन अर्थात सर्वाङ्गिण विकास गर्ने लक्ष्यका साथ स्थापित संस्था हो । नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान, ऐन २०६४ अनुरुप स्थापित यस संस्थाले नेपाली कला संवर्धन, प्रवर्धन, संरक्षण तथा विकासका काम गर्ने लक्ष्य राखेको छ । यसै अनुरुप प्रतिष्ठानमा नयाँ नेतृत्व आइसकेपछि नेपाली कला क्षेत्रको विकासका निम्ति केही अवधारणागत बुँदा अघि सारेका छौँ ।

प्रतिष्ठानले मूलत : अल्पकालीन, दीर्घकालीन तथा नीतिगत रुपमा रणनीति बनाउँदै काम गर्ने लक्ष्य लिएको छ ।

- गणतन्त्र दिवसको दिन (जेठ १५ गते) राष्ट्रिय ललितकला प्रदर्शनी-२०८० गर्ने ।
- रेनोभेसन/कन्जर्भेसन प्रशिक्षण गर्ने ।
- राष्ट्रिय ललितकला सम्मेलन गर्ने ।
- देशव्यापी नेपाली कला र कलाकारको सर्भेक्षण गर्ने ।
- खोज अनुसन्धान कामलाई तीव्रता दिने ।
- जर्नल/पत्रिका/पुस्तक प्रकाशन ।
- विद्वतवृति प्रदान ।
- काठमाडौं आर्ट समिट गर्ने ।
- प्रादेशिक प्रदर्शनी गर्दै राष्ट्रिय ललितकला प्रदर्शनी गर्ने (प्रदेश सरकारसँग समन्वय गर्दै) ।
- वृतचित्र निर्माण- (नेपाली कला र दिग्गज कलाकारको)
- हस्तकला/लोककला/परम्परागत कला महोत्सव गर्ने ।
- सातै प्रदेशमा एक-एकवटा कलाको हव/केन्द्र बनाउने ।

- नियमित कलासम्बन्धी प्रशिक्षण/कार्यशाला/गोष्ठी/अर्न्तक्रिया सञ्चालन गर्ने ।
- सङ्ग्रहालय (समसामयिक/लोक/हस्त/परम्परागत कला) (लक्ष्य सातै प्रदेशमा पनि संग्रहालय बनाउन पहल गर्ने)
- सातै प्रदेशमा क्रमश ललितकलाको प्राज्ञिक सम्पर्क शाखाहरु खुल्दै जाने ।
- अन्य प्रज्ञा-प्रतिष्ठान, विश्वविद्यालय तथा सरोकारी संघ संस्थासँग मिलेर नेपाली कला र संस्कृतिको व्यापक बहस गर्दै सैद्धान्तिकरण गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका कला प्रदर्शनी कार्यशाला तथा गोष्ठी गर्ने ।
- कलाग्राम निर्माण गर्ने लक्ष्य :
- मूर्ति उद्यान निर्माणका निम्ति पहल गर्ने ।
- कलालेखनवृति प्रदान गर्ने ।
- कलाकार कल्याण कोष बनाउने ।
- कलाकार परिचय-पत्र व्यवस्थित गरी वितरण गर्ने ।
- कला र संस्कृतिसँग सम्बन्धित विभिन्न प्रज्ञा-प्रतिष्ठानहरु, निकाय तथा संस्थासँग समन्वय गर्ने । (विश्वविद्यालय, पुरातत्व विभाग, संग्रहालय, आदि )
- प्रदेश तथा पालिका सरकारसँग समन्वय गर्दै स्थानीय(रैथाने) कला र संस्कृतिको प्रवर्द्धन, संवर्द्धन, संरक्षण तथा विकासका निम्ति पहल गर्ने ।
- कलालाई पर्यटनसँग जोड्दै आर्थिक उपार्जन तथा कला प्रचार प्रसार गर्ने कार्यक्रम बनाउने ।
- नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान कार्यक्षेत्रलाई मध्यनजर गरी नीतिगत कमिकमजोरीलाई सुधार गरी ललितकला क्षेत्रको विकासको निम्ति आवश्यक नीति निर्माण गर्न पहल गर्ने ।
- ललितकलालाई आर्थिक उपार्जनसँग जोडेर रोजगारी सिर्जना गर्नको निम्ति नीति निर्माण गर्न पहल गर्ने ।

- ललितकलासँग सम्बन्धित सामग्री/कच्चा पदार्थमा देखिएको कानुनी झन्झट हटाउन नीतिगत सुधारका निम्ति पहल गर्ने ।
- भन्सारसँग सम्बन्धित झन्झट सहज बनाउन नीतिगत सुधारका निम्ति पहल गर्ने ।
- प्रतिष्ठान कार्यक्षेत्रलाई मध्येनजर गरी नीतिगत कमीकमजोरीलाई सुधार गरी समग्र ललितकला क्षेत्रको विकासका निम्ति समसामयिक आवश्यक नीति निर्माण गर्न पहल गर्ने ।
- कतिपय अल्पकालीन तथा आवधिक दीर्घकालीन कार्ययोजनालाई नीतिगत रुपमा सम्बोधन गरी गुरुयोजना मार्फत तिनलाई नियमित रुपमा सञ्चालन गर्न सहज प्रावधान बनाउने ।
- संघ/प्रदेश/पालिकालाई ललितकला क्षेत्रको विकास, प्रवर्द्धन, तथा संरक्षणका लागि गठित कला प्रतिष्ठानहरुलाई अभिप्रेरित गर्न विधागत नीति निर्माणमा सहजीकरण गर्ने ।
- पुरातत्व/अभिलेखालय आदिसँग समन्वय गरी कला संरक्षणका कामहरु गर्न नीतिगत रुपमै सुधार गर्न पहल गर्ने ।
- ललितकलालाई अन्य क्षेत्रसँग जोड्दै आर्थिक उन्नतिमा लैजान नीतिगत सम्बोधनका निम्ति सरकारसँग पहल गर्ने ।
- नेपालमा परम्परागत चित्र/मूर्तिकला लोककला/हस्तकलाको प्रवर्द्धनात्मक कार्य गरी रोजगारी तथा आर्थिक उन्नतिका लागि सहज वातावरण बनाउन सरकारसँग पहल गरी नीति निर्माण गर्ने ।
- ललितकला विषय जुन सीपमूलक कार्य हो यस सम्बन्धी पाठ्यक्रममा निर्माण गरी रोजगारी सिर्जना तथा मौलिकताको संरक्षणमा जोड् दिने नीति निर्माणका लागि पहल गर्ने ।